Child Participation:Layout 1 4/13/2018 4:39 PM Page a

# बालसहभागिता प्रवर्द्धनमा स्थानीय तहको भूमिका

**बालअधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्तिका लागि सन्दर्भ सामग्री तथा नमुना क्रियाकलाप**

नेपाल सरकार

महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

**केन्द्रीय बालकल्याण समिति**

हरिहरभवन, पुल्चोक, ललितपुर

**पहिलो संस्करण**
२०७४ चैत (५००० प्रति)

**प्रकाशक**
नेपाल सरकार
महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**
हरिहरभवन, पुल्चोक, ललितपुर

**मुद्रण**
पि एण्ड बि प्रिन्टिङ प्रेस

Child Participation:Layout 1 4/13/2018 4:39 PM Page

नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बाल कल्याण समिति
**Central Child Welfare Board**
हरिहरभवन, ललितपुर

पत्र संख्या :
चलानी नं. :

मिति.........................

## शुभकामना

नेपालको संविधान, २०७२ मा बालबालिकाको विकास र संरक्षणलाई मौलिक हकका रुपमा अङ्गीकार गर्दै बालबालिकाको सर्वोत्तम हितको व्यवस्था गरिएको छ । साथै, संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र तीनै तहको सरकारद्वारा राज्य सञ्चालन प्रक्रिया अघी बढ्ने भन्ने समेत व्यवस्था भए बमोजिम समग्र बालबालिकाको हक, हित र अधिकारको सुनिश्चितताको लागि तीनै तहको सरकारको महत्वपूर्ण भूमिका रहन्छ । यसै सिलसिलामा केन्द्रीय बालकल्याण समितिले स्थानीय तहबाट सम्बोधन गर्न सकिने बालअधिकारसम्बन्धी प्रमुख विषय तथा नमुना कार्यहरु समेटी **बालअधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्तिका लागि सन्दर्भ सामग्री तथा नमुना क्रियाकलाप** प्रकाशन गर्न लागेकोमा अत्यन्तै खुशी लागेको छ ।

यो प्रकाशनले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई अख्तियारी प्राप्त बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागितासम्बन्धी अधिकार सुनिश्चित गर्नका लागि उपयुक्त संयन्त्र निर्माण तथा कार्यक्रमहरुको तर्जुमा गर्न सहयोग पुऱ्याउनुका साथै स्थानीय तहबाट हुने सेवा प्रवाहमा न्यूनतम समरूपता कायम गर्न योगदान गर्नेछ भन्नेमा म विश्वस्त छु । "बालमैत्री शासनः बालअधिकारको सम्मान" भन्ने राष्ट्रिय बालदिवसको नारा अनुरुप अबको बाटो भनेको हामीले बालबालिकाको क्षेत्रमा कार्य गर्दा हासिल गरेको अनुभव, सीप र ज्ञानलाई एकिकृत गर्दै बालमैत्री शासनको प्रवर्द्धनका लागि स्थानीय तहलाई आवश्यक सहयोग तथा सहजीकरण गर्नु नै हो । अत: यस पुस्तिकालाई सबै स्थानीय तहहरुमा पुऱ्याई उल्लेखित सन्दर्भ सामग्री एवम् नमुना क्रियाकलापहरु समेतका आधारमा स्थानीय आवश्यकतानुरुप बालअधिकारको संरक्षण, सम्वर्द्धन एवम् परिपुर्तिलगायतका लागि प्रभावकारी कार्यक्रम सञ्चालनमा सहयोग गर्न सम्बन्धित सबैलाई हार्दिक अनुरोध छ । अन्त्यमा, यो सन्दर्भ सामग्री तयार गर्न प्रत्यक्ष रुपमा योगदान गर्नु हुने यस समितिका कार्यकारी निर्देशक लगायत सम्बन्धित कर्मचारी मित्रहरु, सहयोगी संघसंस्थाहरु र अन्य सबै महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

धन्यवाद ॥

(बबिना श्रेष्ठ)
अध्यक्ष

"बालमैत्री शासन : बालअधिकारको सम्मान"

फोन नं. : ५०१००४५, ५०१००४६, ५५३९२११ फ्याक्स : ९७७-१-५५२७५९१ E-mail : contact@ccwb.gov.np
Tel. : 5010045, 5010046, 5539211 Fax : 977-1-5527591 Website : ccwb.gov.np

Child Participation:Layout 1 4/13/2018 4:39 PM Page d

# प्राक्कथन

नेपालको संविधान (२०७२) अनुसार प्रत्यक्ष रूपमा नागरिकका लागि हुने सेवा प्रवाह लगायतका कार्य एवं त्यससँग सम्बन्धित अधिकारहरू स्थानीय तह (खासगरी गाउँपालिका तथा नगरपालिका)को जिम्मेवारी भित्र रहेकोछ । स्थानीय तहले आफ्ना यी भूमिकाहरू प्रभावकारी रूपमा निर्वाह गर्न सकेमा नै नागरिकका आधारभूत अधिकारहरू परिपूर्ति हुन सक्दछन्र संघीयताको प्रतिफल देखिनेछ । केही संक्रमणकालिन अवस्थाका बीच स्थानीय तहहरूले नेतृत्व प्रदान गर्न जननिर्वाचित पदाधिकारीहरूको पूर्णता पाईसकेका छन् । अहिले स्थानीय तहले आफ्नो अख्तियारीलाई आत्मसात गर्ने, कार्यान्वयनका लागि उपयुक्त विधि एवं पद्धति यकीन गर्ने र प्रतिबद्ध भएर जनताको दैनिकीमा महसुस हुने गरी सेवा प्रवाह लगायत उचित कार्यप्रणाली विकास गर्न प्राथमिकता दिनु पर्ने देखिन्छ ।

नेपालको संविधानले बालबालिकाको अधिकारलाई मौलिक हकमा समावेश गरेको छ । बालबालिकासँग प्रत्यक्ष सम्बन्धित शिक्षा, स्वास्थ्य, बालसंरक्षण, बालसहभागिता तथा उनीहरूका अधिकार परिपूर्तिका सबै प्रत्यक्ष कार्यहरू स्थानीय तहको भूमिका अन्तर्गत रहेका छन् । यी विषयमा दशकौंदेखि नेपाल सरकारका विभिन्न निकायहरू क्रियाशिल रहँदै आएका छन् भने यसकार्यमा विभिन्नगैरसरकारी संघसंस्था देखि बालबालिका स्वयम्को समेत क्रियाशिलता रहँदै आएको छ । सबैले विभिन्न तहमा सकारात्मक अनुभव र असल सिकाइहरू पनि सँगालेका छन् । यसर्थ, बदलिदो राज्य संरचनामा सबै सरोकारवालाले स्थानीय तहसँग सहकार्य गरी व्यावहारिक रूपमा योगदान दिन सकेमा नै समाजमा चाँडै परिवर्तनको अनुभूति गर्न सकिनेछ ।

यसै सन्दर्भमा,स्थानीय तहलाई बालबालिकासम्बन्धी जिम्मेवारी प्रभावकारी रूपमा कार्यान्वयन गर्नसघाउ पुगोस् भन्ने अभिप्रायले विगतका अनुभव, सिकाई र असल अभ्यासका आधारमा बालबालिकाको विशेषतःशिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागितासँग सम्बन्धित विषयमा स्थानीय तहको जिम्मेवारी र भूमिकालाई ध्यानमा राखी ति विषयसंग सम्बन्धित मूख्य समस्याहरू र संवोधनका केही उपायहरू समेटी यो नमुना सामग्री तयार गरिएको हो । यो सामग्री आफैंमा एक कार्यमूलक (Functional) दस्तावेजको नमुना हो र यसमा सुझाइएका क्रियाकलापहरू कार्यान्वयन गर्दै जाँदा स्थानीय तहले के गर्नुपर्दछ र त्यो कसरी गर्नुपर्दोरहेछ भन्नेबारे नयाँनयाँ सिकाइ प्राप्त हुने नै छन्, स्थानीय आवस्यकतानुसारका अन्य विषय वा समस्याहरू पहिल्याइने छन् र त्यस्ता सिकाइलाई पनि दस्तावेजमा समावेश गर्दै जानसके सबैका लागि उपयोगी सामग्री बन्नेछ ।

केन्द्रीय बालकल्याण समितिले बालबालिकाको विषयलाई प्राथमिकतामा राख्दै समाजमा विद्यमान रहेका समस्याहरूको उचित संवोधन गर्न स्थानीय तहलाई सजिलो होस् भन्नका लागि 'बालअधिकारको सम्मान, संरक्षण, संवर्द्धन र परिपूर्तिका लागि गाउँपालिका तथा नगरपालिकाको भूमिका सम्बन्धी अन्तर संवाद अभियान' थालनी गरेको छ र यससम्बन्धमा सहयोग सहजिकरण गर्न सदैव तत्पर छ । यस क्रममा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रीय बालकलयाण समिति, जिल्ला बालकल्याण समिति, जिल्ला समन्वय समिति, संघसंस्थाहरू लगायतद्वारा देशका विभिन्न स्थानमा भएका अन्तर संवाद कार्यक्रममा उठेका विषयहरूलाई समेत समेटी विशेषतःबालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण तथा सहभागितासम्बन्धी स्थानीय तहका केही भूमिकाबारे यस नमुना पुस्तिका निर्माण गरिएको हो । यस पुस्तिकामा केन्द्रीय बालकल्याण समितिबाट तयार गरिएका सामग्रीका साथै बालअधिकार संरक्षण, प्रवर्द्धनमा क्रियाशील सामाजिक संघसंस्थाहरू सिविन–नेपाल, ग्लोबल एक्सन नेपाल, चाइल्ड नेपाल, नाङ्साल एसोसियसन नेपाल तथा वी वर्ल्ड अनलसको संयुक्त प्रयासमा निर्माण भएका सामग्रीहरू लगायतलाई समायोजन गरी विभिन्न चरणमा बालअधिकारमा जानकार व्यक्ति, जनप्रतिनिधिहरू तथा संघसंस्थाहरूबाट प्राप्त व्यवहारिक सल्लाह सुझावहरूलाई समेत समेटिएको छ । यस पुस्तिकाको तयारी तथा प्रकाशनमा सहयोग गर्ने युनिसेफ नेपाल तथा पुस्तिका लेखनमा सहयोग गर्ने चन्द्रिका खतिवडा, निना महर्जन लगायत केन्द्रीय बालकल्याण समितिका कर्मचारीहरू सबै धन्यवादका पात्र हुनुहुन्छ ।

प्रस्तुत पुस्तिकाबाट सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई बालअधिकारसम्बन्धी योजना तर्जुमा तथा कार्यान्वयनमा सघाउ पुग्नेछ भन्ने अपेक्षा गर्दै यस पुस्तिका परिमार्जनका लागि थप सल्लाह सुझावको पनि अपेक्षा गर्दछौं ।

तारक धिताल
कार्यकारी निर्देशक
केबाकस

# पुस्तिकाको स्वरुप तथा प्रयोगबारे

यस पुस्तिकाको संग्रहमा तीनवटा पुस्तिकाहरू रहेका छन् । यी एक आपसमा सम्बन्धित हुनुका साथै विषय विशेषका लागि बेग्लाबेग्लै रूपमा पनि पूर्ण अस्तित्व राख्दछन् । छिटो छरितो र विषय अनुसारका अधिकार, जिम्मेवारी तथा समस्या र संवोधनका उपायबारे जानकारी लिन सजिलो होस् भन्ने अभिप्रायले निम्न तीन पुस्तिकाहरू रहेको यो बालबालिका सम्बन्धी एक एकीकृत संग्रहको रूपमा रहेको छ ।ः

१. स्थानीय तहमा बालसंरक्षण
२. बालबालिकाको शिक्षा तथा स्वास्थ्यको अधिकारसम्बन्धी स्थानीय तहको भूमिका
३. बालसहभागिता प्रवर्द्धनमा स्थानीय तहको भूमिका

यी सबै पुस्तिकामा मूलतः केही अवधारणात्मक पक्ष, कानूनी तथा नीतिगत व्यवस्था, स्थानीय तहलाई प्राप्त अख्तियारी तथा जिम्मेवारी, विषयगत समस्याहरू र सोको सम्वोधनका केही नमुना उपायहरू समावेश गरिएका छन् । यस पुस्तिकामा समाविष्ट विषयवस्तुहरू तथा कार्यहरू विगतका अनुभव तथा असल अभ्यासका आधारमा नमुनाको रूपमा प्रस्तुत गरिएका छन् । अतः यसलाई स्थानीय तहमा भौगोलिक, सामाजिक तथा साँस्कृतिक परिवेश, मानवीय तथा आर्थिक स्रोत साधनको उपलब्धता र स्थानीय आवश्यकताको आधारमा बालअधिकारको सम्वर्द्धन तथा प्रवर्धनका लागि के कस्ता कार्यकलापहरू सम्पादन गर्न सकिन्छ भन्ने विषयमा सन्दर्भ सामग्रीको रूपमा लिन सकिनेछ ।

बालसहभागिता प्रवर्द्धनमा स्थानीय तहको भूमिका विषयक यस पुस्तिकामा बालसहभागिताको अवधारणा, महत्व र नीतिगत अवधारणा, नेपालमा बालसहभागितासम्बनधी विद्यमान सवालहरू, स्थानीय तहमा क्रियाशील संयन्त्र तथा संरचना, स्थानीय तहको बालसहभागितासम्बन्धी अख्तियारी र बालसहभागिता प्रवर्द्धनमा स्थानीय तहबाट गर्न सकिने काम र सन्दर्भ सूचीहरू समावेश गरिएका छन् । यस पुस्तिका स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई अख्तियारी गरेका बालबालिकाको सहभागितासंग सम्बन्धित अधिकारहरूको कार्यान्वयनका लागि सहयोगी हुनेछ भन्ने विश्वास गरिएको छ । लामो समयको अनुभव, असल अभ्यास र सिकाईका आधारमा केन्द्रीय बालकल्याण समितिले यो पुस्तिका तयार पारेको हुँदा स्थानीय तहलाई यसमा समावेश गरिएका नमुना कार्यकलापहरूको सम्पादनमा नीतिगत तथा कार्यक्रमगत केही कठिनाई भएमा आवश्यक सहजीकरण तथा सहकार्यका लागि समेत केन्द्रीय बालकल्याण समिति सदैव तयार रहेको व्यहोरा अनुरोध छ ।

# विषयसूची


१. बालसहभागिता किन ? १

२. बालसहभागितासम्बन्धी नीतिगत व्यवस्था २

२.१ नेपालको संविधान (२०७२) २

२.२ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ ३

३. नेपालमा विद्यमान बालसहभागितासम्बन्धी सवालहरू ४

३.१ बालक्लब तथा नेटवर्क ४

३.२ स्थानीय तहमा बालसहभागिता ५

३.३ पारिवारिक मामिलामा बालसहभागिता ५

३.४ शिक्षण-सिकाइ प्रक्रियामा बालसहभागिता ६

४. स्थानीय तहमा क्रियाशील बालसहभागितासँग सम्बन्धित संयन्त्र तथा संरचना ७

४.१ बालमैत्री स्थानीय शासन नगर समिति तथा बालमैत्री स्थानीय शासन गाउँ समिति ७

५. स्थानीय तहको बालसंहभागितासम्बन्धी अख्तियारी १०

५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ १०

५.२ कार्यविस्तृतीकरण प्रतिवेदन, २०७३ ११

५.३ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ ११

५.४ बालसमूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ ११

६. बालसहभागिता प्रवर्द्धनमा स्थानीय तहबाट गर्न सकिने काम १३

६.१ समग्र बालअधिकारको प्रवर्द्धनका लागि उपायहरू १३

६.२ बालसहभागिता प्रवर्द्धनका लागि उपायहरू १४

सन्दर्भ सूची १९

Child Participation:Layout 1 4/13/2018 4:39 PM Page

# १ : बालसहभागिता किन ?

बालसहभागिता बालबालिकालाई उनीहरूका विचार व्यक्त गर्न वा आफूलाई असर गर्ने विषयबारे बोल्ने, निर्णयप्रक्रियामा संलग्न हुने र आफ्नो उमेर र परिपक्वताअनुरूप दैनिक गतिविधिमा सहभागी हुने प्रक्रिया हो । सहभागिताले बालबालिकालाई आफ्ना चासोको विषय, आफ्नो जीवन अथवा परिवारलाई असर गर्ने गतिविधिहरूमा सक्रिय हुन आव्हान गर्दछ । सहभागिताले बालबालिकाका अन्य अधिकारको प्रचलन तथा परिपूर्तिमा समेत सघाउ पुऱ्याउँदछ । सहभागिताले बालबालिकालाई वयस्क व्यक्ति, निकाय तथा संस्थासमेतसँग मिलेर काम गर्ने अवसर सिर्जना गर्दछ र उनीहरूलाई समाजको एक महत्वपूर्ण सरोकारवाला समूहको रूपमा मान्यता दिलाउन मद्धत गर्दछ ।

सहभागिताले बालबालिकालाई बाल्यकालमा आधारभूत सीपहरू सिक्न, आफूमा अन्तर्निहित क्षमताको पहिचान गर्न, जीवन उपयोगी सीप सिक्न, सहभागिताको संस्कृति प्रवर्द्धन गर्न एवम् बालबालिकाको आत्मविश्वास बढाउन, प्रजातान्त्रिक पद्धतिमा अभ्यस्त गराउन र अन्तरपुस्ता दुरी (Generation Gap) कम गराउन सहयोग गर्दछ । बालबालिकाको बढ्दो उमेर र परिपक्वताअनुसार उनीहरूको सहभागिताको प्रक्रिया र स्वरूप फरक-फरक हुन सक्दछन् । यसर्थ बालसहभागितालाई केबल एक क्रियाकलाप वा एकपटक गरिने कार्यविशेषभन्दा पनि निरन्तर रूपमा गरिनुपर्ने एक विधि, प्रक्रिया र संस्कारको रूपमा लिनुपर्दछ ।

बालबालिकासँग सरोकार राख्ने विभिन्न पक्षमा स्थानीय तहको प्रत्यक्ष अख्तियारी रहेको वर्तमान परिप्रेक्ष्यमा स्थानीय तहले समेत बालबालिकाको सहभागिताको सवाललाई आत्मसात गर्ने तथा स्थानीय तहमा घरपरिवारदेखि लिएर विद्यालय, समुदाय, तथा स्थानीय तहकै कार्यप्रक्रियामा समेत बालबालिकाको नैतिकतापूर्ण तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु अत्यावश्यक छ ।

# २ : बालसहभागितासम्बन्धी नीतिगत व्यवस्था

नेपालका विभिन्न कानूनमा बालअधिकारका प्रावधानहरू व्यवस्था गरिएको छ । नेपालको संविधान (२०७२) मा एक व्यक्ति र एक नागरिकको मौलिक हकको रूपमा थुप्रै प्रावधानहरू समेटिएका छन्, त्यसमध्ये केही बालबालिकाका विशिष्ट अधिकारका रूपमा उल्लेखित छन् । यस खण्डमा बालसहभागिताको अधिकार प्रत्याभूति गर्ने तथा सहभागिताको अधिकारलाई प्रचलन गर्न आवश्यक व्यवस्थाबारे उल्लेख गरिएको छ ।

## २.१ नेपालको संविधान (२०७२)

नेपालको संविधान (२०७२) को धारा १६ देखि ४८ सम्म मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको छ । संविधानको धारा ३९ मा बालबालिकाको लागि एक छुट्टै मौलिक हकको प्रावधानहरू छन् । जसअन्तर्गत उपधारा (३) ले प्रत्येक बालबालिकालाई बालसहभागिताको हक सुनिश्चित गरेको छ । यसबाहेक बालबालिकाको सहभागिताको अधिकारको सन्दर्भमा संविधानका देहायका मौलिक हकसमेत महत्वपूर्ण हुन्छन्–

- धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचना बाहेकको कुनै पनि विषयको **सूचना** माग्ने र पाउने हक हुने,
- धारा १९ अन्तर्गत **सञ्चारको हक**ले कानूनविपरीत बाहेक विद्युतीय प्रकाशन, प्रसारण तथा छापा लगायतका जुनसुकै माध्यमबाट कुनै पनि प्रकारको सूचना तथा विचार प्रवाह गर्न पाउने,
- धारा १७ ले वैयक्तिक **स्वतन्त्रता**लाई स्थापित गरी विचार र अभिव्यक्ति, विना हातहतियार शान्तिपूर्वक भेला हुने, राजनीतिक दल खोल्ने, संघ र संस्था खोल्ने, नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने तथा नेपालको कुनै पनि भागमा पेशा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता पाउने, आदि ।

## २.२ बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६६

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ का देहायका बुँदाहरूमा बालसहभागितासम्बन्धी प्रावधान रहेका छन्--

- जिल्ला तथा समुदायमा गठन गरिने बालबालिकासम्बन्धी कुनै पनि समिति वा समूहमा बालबालिकाको प्रतिनिधित्व तथा बालबालिकासम्बन्धी नीति, ऐन तथा नियमहरूमा बालबालिकालाई आफ्नो सरोकारको कुनै पनि विषयमा सुसूचित भई विना भेदभाव परिवारदेखि राष्ट्रिय तहसम्म अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने (बुँदा ८.४०),
- स्थानीयस्तरका सरकारी, निजी, सामुदायिक विद्यालय, छात्रावास, बालकल्याण गृह, बालगृह, बालसुधार गृहसमेतमा बालसहभागिता प्रवर्द्धन गर्न बालबालिकाको सङ्गठित समूहको स्थापना र परिचालन गर्न प्राथमिकता दिइने (बुँदा ८.४२),
- विद्यालय, समुदाय, बालगृहलगायत बालबालिका सामूहिक र संस्थागत रूपमा रहने क्षेत्रहरूमा बालक्लब स्थापना गरी केन्द्र, क्षेत्र, जिल्ला, गाउँ तथा नगरपालिकास्तरमा बालक्लब सञ्जालहरू विस्तार गरिने, तिनको दर्ता प्रक्रिया सरल गरी सञ्चालनका लागि आवश्यक आचारसंहिता तथा निर्देशिका जारी गर्ने (बुँदा ८.४३), आदि ।

# ३ : नेपालमा विद्यमान बालसहभागितासम्बन्धी सवालहरू

नेपालमा बालसहभागितासँग सम्बन्धित विभिन्न सवालहरू विद्यमान रहेका छन् । तिनमा केही सवालहरू देशका सबैजसो क्षेत्रमा विद्यमान छन् भने केही सवालहरू भौगोलिक वा सामाजिक–सांस्कृतिक क्षेत्रसँग सम्बन्धित भएर रहेका छन् । यस खण्डमा बालसहभागिताको स्थितिबारे सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ३.१ बालक्लब तथा नेटवर्क

समुदाय तथा विद्यालयमा आधारित बालक्लबहरूको गाउँ/नगरपालिकास्तरीय अनि जिल्लास्तरीय सञ्जालहरू स्थापना भई क्रियाशील रहेका छन् । सन् १९९० को दशकदेखि सुरू भएको बालक्लब अभियानलाई बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ को कार्यान्वयनसँगै बालक्लब तथा तिनका सञ्जालहरूको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएको पाइन्छ । बालक्लब तथा सञ्जालहरूले विद्यालय तथा समुदायमा बालअधिकार तथा बालसहभागिता प्रवर्द्धन गर्न संलग्न रहेका पाइन्छन् । त्यस्तै, बालक्लबले गाउँ/नगर बालसंरक्षण तथा संवर्द्धन उपसमितिसँग मिलेर बालबालिकाका लागि विभिन्न कार्यक्रमहरू गर्दै आइरहेका पाइन्छन् । वर्तमानमा गठन भएका बालक्लब तथा तिनका सञ्जालका लागि पर्याप्त मात्रामा क्रियाकलाप गर्न प्रेरित गर्न नसकिएको, बालक्लबको संस्थागत विकास तथा त्यसका सदस्यहरूको क्षमता अभिवृद्धिका लागि एकदमै न्यून अवसर रहेको आदि सवालहरू रहेका पाइन्छन् ।

केन्द्रीय बालकल्याण समितिकाअनुसार नेपालका ७५ जिल्लामा गरी जम्मा २२,६२८ बालक्लब रहेका तथा तिनमा २०६,०४९ बालिका र २३१,७१० बालक गरी जम्मा ४३४,५४९ बालबालिका सदस्य रहेका छन् ।[१]

[१] *के.बा.क.स., म.बा.स.क.म., नेपाल सरकार, 'नेपालमा बालबालिकाको स्थिति' २०७३, पृ १२१–१२३.*

## ३.२ स्थानीय तहमा बालसहभागिता

समावेशी सिद्धान्तलाई आत्मसात गर्दै स्थानीयस्तरमा गठन हुने महिला, जनजाति, दलित आदि विषयगत समितिहरूमा समुदायको सहभागिता रहेजस्तै बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने समितिहरू जस्तैः बालसंरक्षण तथा संवर्द्धन उप-समिति, शिक्षा समिति, स्वास्थ्य समिति, वडा नागरिक मञ्चलगायतका समितिमा बालबालिकाको प्रतिनिधित्वको व्यवस्था गरिएको छ । साथै, स्थानीय तहका विभिन्न कार्यक्रमहरू जस्तै वार्षिक सभा, चरणबद्ध योजनाको क्रममा बालबालिकालाई सहभागी गराइँदै आएको पाइन्छ ।

तथापि, त्यस्ता समिति तथा कार्यक्रमहरूमा बालबालिकाको सहभागिता नैतिकतापूर्ण तथा अर्थपूर्ण बनाउन अझै प्रयत्न गरिनु आवश्यक छ । त्यस्तैगरी, बालसहभागिता प्रवर्द्धन गर्दा उनीहरूको अन्य अधिकारहरू विशेषतः शिक्षाको अधिकारमा हेलचेक्र्याइँ भएका कुराहरू पनि यदाकदा चर्चामा आउने गर्दछन् ।

## ३.३ पारिवारिक मामिलामा बालसहभागिता

परिवारमा हुने बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने छलफल तथा निर्णयप्रक्रियामा बालबालिकालाई सहभागी गराई उनीहरूको विचार तथा अभिव्यक्तिको सम्मान गरिनुपर्दछ । बालबालिकाको सहभागिताबारे सजग व्यक्तिले आफ्नो घरपरिवारको छलफलमा बालसहभागिताको अभ्यास थालनी गरेको पाइन्छ । तथापि, अझै पनि नेपाली समाजमा आम घरपरिवारमा बालसहभागितालाई महत्व दिएको पाइँदैन । पारिवारिक मामिलामा बालसहभागिताबारे भएका अभ्यासहरू सहजै बाहिर नआउने हुँदा त्यसबारे स्पष्ट रूपमा उल्लेख गर्न सजिलो छैन ।

यस्तो अवस्थामा, घरपरिवारमा अभ्यासमा रहेको बालसहभागितालाई प्रभावकारी बनाउने तथा बालसहभागिता अभ्यासमा नल्याइसकेका घरपरिवारमा समेत बालबालिकाको सुनुवाइको अधिकारको प्रत्याभूति गराउन पहल गर्ने जिम्मेवारी रहन्छ ।

## ३.४ शिक्षण–सिकाइ प्रक्रियामा बालसहभागिता

नेपालमा विद्यालयमा बालसहभागिता सुनिश्चित गर्न धेरै प्रकारका कामहरू भइआएका छन् । विद्यालयको भौतिक पूर्वाधारलाई बालमैत्री बनाउन सरकारी तथा गैरसरकारी संस्थाहरूको पहलमा थुप्रै प्रकारका परियोजना तथा कार्यक्रमहरू लागू भएका छन् । बालसहभागिता प्रवर्द्धन गर्न केही विद्यालयहरूको व्यवस्थापन समितिमा समेत बालबालिकाको प्रतिनिधित्व गराउने काम भएका छन् ।

तथापि, कक्षाकोठाको शिक्षण–सिकाइ प्रक्रियामा शिक्षक र विद्यार्थीको साझेदारी, शिक्षण विधि कस्तो हुनुपर्दछ भन्ने कुरामा विद्यार्थीको मत लिने तथा विद्यार्थीको शैक्षिक आवश्यकताको परिपूर्ति भए नभएको अवस्था छ । यसबारे ठोस काम गर्नु जरूरी देखिन्छ ।

# ४ : स्थानीय तहमा क्रियाशील बालसहभागितासँग सम्बन्धित संयन्त्र तथा संरचना

स्थानीय तहमा बालबालिकाको सहभागितालाई प्रवर्द्धन गर्न तथा बालबालिकाकै प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीयस्तरमा विभिन्न औपचारिक तथा अनौपचारिक संयन्त्रहरू क्रियाशील छन् । तलका दफाहरूमा बालसहभागितासँग सम्बन्धित औपचारिक तथा अनौपचारिक संयन्त्रहरूको गठन, जिम्मेवारी तथा गरिआएका कामबारे सङ्क्षिप्त चर्चा गरिएको छ ।

## ४.१ बालमैत्री स्थानीय शासन नगर समिति तथा बालमैत्री स्थानीय शासन गाउँ समिति

'बालमैत्री' अवधारणाले बालअधिकारका समग्र पक्षहरूको प्रवर्द्धन गर्दछ । स्थानीय शासनमा बालमैत्री अवधारणालाई सुशासनको एक महत्वपूर्ण अङ्गको रूपमा लिइएको छ । नेपाल सरकारले बालमैत्री स्थानीय शासन : राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८ कार्यान्वयन गरिरहेको छ । यसै सन्दर्भमा नेपालमा बालमैत्री स्थानीय तह अर्थात बालमैत्री गाउँपालिका तथा बालमैत्री नगरपालिका घोषणा गर्ने काम पनि जारी छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ अन्तर्गत स्थानीय तहमा बालमैत्री स्थानीय शासन नगर समिति तथा बालमैत्री स्थानीय शासन गाउँ समितिहरू क्रियाशील रहेका छन् :

बालमैत्री स्थानीय शासन नगर समितिको संरचना देहाय बमोजिम रहेको छ :

(क) प्रमुख, नगरपालिका - अध्यक्ष

(ख) उप–प्रमुख, नगरपालिका - उपाध्यक्ष

(ग) नगरपालिकाले मनोनयन गरेको स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि एकजना - सदस्य

(घ) शिक्षा कार्यालयका प्रमुख वा प्रतिनिधि एकजना - सदस्य

(ङ) महिला विकास कार्यालयका प्रमुख वा प्रतिनिधि एकजना - सदस्य

(च) गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू मध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि) एकजना - सदस्य

(छ) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समितिमध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि एकजना - सदस्य

(ज) नगरपालिकामा कार्यरत महिला शिक्षक वा महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट नगरपालिकाले मनोनयन गरेको प्रतिनिधि एकजना - सदस्य

(झ) नगरपालिकास्तरीय बाल(क्लब) सञ्जालका प्रतिनिधि दुईजना (कम्तिमा एकजना बालिका समेत) - सदस्य

(ञ) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये नगरपालिकाले तोकेको महिला प्रतिनिधि एकजना - सदस्य

(ट) नगरपालिकाका बालमैत्री स्थानीय शासन हेर्ने अधिकृत - सदस्य

(ठ) कार्यकारी अधिकृत, नगरपालिका - सदस्य-सचिव

त्यसैगरी, बालमैत्री स्थानीय शासन गाउँ समितिको संरचना देहायबमोजिम रहेको छ :

(क) गाउँपालिकाका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिकाका उपाध्यक्ष - उपाध्यक्ष

(ग) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि एकजना - सदस्य

(घ) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्थामध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि एकजना - सदस्य

(ङ) विद्यालय वा स्वास्थ्य व्यवस्थापन समितिमध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि एकजना - सदस्य

(च) गाउँपालिकामा कार्यरत महिला शिक्षक वा महिला

स्वास्थ्य स्वयंसेविकामध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि एकजना - सदस्य

(छ) गाउँपालिकास्तरीय बाल (क्लब) सञ्जालका अध्यक्ष - सदस्य

(ज) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये गाउँपालिकाले तोकेको महिला प्रतिनिधि एकजना - सदस्य

(झ) प्रतिनिधि, गाउँ बालअधिकार संरक्षण तथा संवर्द्धन समिति - सदस्य

(ञ) बालमैत्री स्थानीय शासन हेर्ने गाउँपालिकाका कर्मचारी - सदस्य

(ट) गाउँपालिका सचिव (वा कार्यकारी अधिकृत) - सदस्य-सचिव

समितिले आवश्यकताअनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

बालमैत्री स्थानीय शासन नगर/गाउँ समितिका भूमिकाहरू देहायबमोजिम रहेका छन् :

(क) बालमैत्री स्थानीय शासनसम्बन्धी गाउँ/नगरस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र
यस पद्धतिको प्रवर्द्धन गर्न गाउँपालिका/ नगरपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,

(ख) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न गाउँपालिका/ नगरपालिकास्तरबाट समन्वयकारी
भूमिका निर्वाह गर्ने,

(ग) बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय, सरकारी निकाय एवम् गैरसरकारी संघसंस्थाबीच आवश्यक समन्वय गर्ने गराउने, एवं

(घ) बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

# ५ : स्थानीय तहको बालसंहभागितासम्बन्धी अख्तियारी

नेपालको संविधान (२०७२) ले स्थानीय तहलाई आफ्नो एकल अधिकार तथा संघ र प्रदेशसँगको साझा अधिकारहरू गरी दुई तहका अधिकारहरूको व्यवस्था गरेको छ । संविधानको अनुसूची-८ मा एकल अधिकारहरूको सूची दिइएको छ अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारहरूको सूची छ । संविधानमा उल्लेखित यी अधिकारहरूको नेपाल सरकार, मन्त्रीपरिषदको निर्णयबाट कार्यविस्तृतीकरण पारित भएको छ । यसैअनुरूप **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत समेत तिनलाई समेटिएको छ ।

मूलतः गाउँपालिका तथा नगरपालिकालाई नेपालको संविधान तथा प्रचलित कानूनअनुरूप बालसहभागिता प्रवर्द्धनसँग सम्बन्धित आफ्ना अख्तियारी, दायित्व तथा जिम्मेवारी बुझ्न तथा तिनलाई प्रत्याभूत गर्न सघाउने अभिप्रायले तिनलाई देहायमा उल्लेख गरिएको छ । यसले गाउँपालिका तथा नगरपालिकासँग निरन्तर छलफल एवम् अन्तर्क्रिया गर्न मद्दत पुग्नेछ ।

### ५.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को वडा समितिको काम, कर्तव्य र अधिकारको विकास कार्य अन्तर्गत देहायबमोजिमका कामहरू तोकिएका छन्–

- बाल उद्यानको व्यवस्था गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लब तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,
- अन्तरविद्यालय तथा क्लबमार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने, गराउने,

- वडालाई बालमैत्री बनाउने, आदि ।

## ५.२ कार्य विस्तृतीकरण प्रतिवेदन, २०७३

नेपालको संविधानको मौलिक हक र राज्यका निर्देशक सिद्धान्त, राज्यका नीतिसम्बन्धी धारा र अन्य धारामा उल्लेख गरिएका स्थानीय तहको अधिकार तथा कार्य विस्तृतीकरणमा विशेषतः बालबालिकाको अधिकारसँग सम्बन्धित विभिन्न कार्यहरू उल्लेख भएका छन् । जसअन्तर्गत स्थानीय तहमा बालमैत्री शासकीय प्रबन्ध, बालक्लब, स्थानीय बालसंरक्षण समिति र बालसञ्जालसम्बन्धी कार्यको अख्तियारी दिइएको छ ।

## ५.३ बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ को अनुसूची १.१ मा बालसहभागितासम्बन्धी निम्न सूचकहरू राखिएका छन्––

- स्थानीय तहको निर्णय प्रक्रियामा १२–१८ वर्ष उमेर समूहका बालबालिकाको संस्थागत
- सहभागिताको संयन्त्रको विकास गरी सहभागी गराइने,
- स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व हुने,
- गाउँपालिका र नगरपालिकाको प्रत्येक वडामा बालसमूहको सञ्जाल गठन भई क्रियाशील रहने,
- जिल्ला, गाउँपालिका तथा नगरपालिका तहमा बालक्लब सञ्जाल गठन हुने ।

## ५.४ बालसमूह गठन तथा सहजीकरण निर्देशिका, २०७४

बालसमूह गठन तथा सहजीकरण निर्देशिका, २०७४ (संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको) को नियम ५(२) अनुसार सबै बालसमूहहरू स्थानीय तहमा अनिवार्य सूचीकृत तथा नवीकरण गरिनुपर्दछ । त्यस्तै, स्थानीयत तहले विशिष्टीकृत बालसमूहका रूपमा विशेष प्रकृतिका आफ्नो

संस्थागत बालसमूह पनि गठन गर्न सक्दछन् । नियम १२ अनुसार बालसमूहहरूमा स्थानीय तहले वयस्क सहजकर्ताको चयन गर्न सक्ने तथा तिनका लागि पारिश्रमिकसमेतको व्यवस्था गर्न सकिने प्रावधान रहेको छ । नियम २६ अनुसार स्थानीय तहको योजना तर्जुमामा बालसमूहका प्रतिनिधित्वको व्यवस्था गर्ने प्रावधान रहेको छ । यसअनुसार–

- स्थानीयतहबाट ह'ने योजना निर्माण चक्रमा बालसमूहको प्रतिनिधित्व र सहभागिता,
- बस्ती तथा वडास्तरमा हुने योजना छलफलमा सहभागी हुन बालसमूहका सदस्य वा प्रतिनिधिहरूलाई बोलाई उनीहरूको सरोकार राख्नेविषयमा धारणा राख्न निश्चित समय प्रदान गरिने,
- गाउँस्तर/नगरस्तर वा जिल्लास्तरमा तोकिएको प्रक्रियामा बालभेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिने, एवं
- योजना निर्माण तथा बजेट विनियोजनमा बाल समूहलाई बालबालिकाको निम्ति छुट्याइएको कार्यक्रम तथा बजेटबारे सरल भाषामा छुट्टै सार्वजनिक सूचना जारी गरिने ।

लगातार दुई वर्षसम्म स्थानीय तहमा बालसमूहको जानकारी अद्यावधिक नगरिएमा त्यस्ता बालसमँह विघटन हुन सक्दछन् र त्यस्ता बालसमूह स्थानीय तहको सूचीकरणबाट स्वतः खारेज हुने व्यवस्था समेत यस निर्देशिकाको नियम २८ मा उल्लेख गरिएको छ । त्यस्ता विघटन भएका बालसमूहको सम्पत्ति तथा दस्तावेज समुदायमा आधारित बालसमूहको हकमा स्थानीय तहले जिम्मा लिनुपर्दछ ।

# ६ : बालसहभागिता प्रवर्द्धनमा स्थानीय तहबाट गर्न सकिने काम

यस खण्डमा स्थानीय तहका अधिकार क्षेत्र, काम, कर्तव्य तथा अधिकारहरू, स्थानीय तहमा बालसहभागिताका मुद्दासमेतलाई ध्यान दिँदै सो सन्दर्भमा स्थानीय तहले के-कस्ता कामहरू गर्न सक्दछ, ती कामहरू तथा तिनका कार्यान्वयनका उपायहरू के हुन सक्दछन् भन्ने बारे चर्चा गरिएको छ ।

## ६.१ समग्र बालअधिकारको प्रवर्द्धनका लागि उपायहरू

### ६.१.१ बालअधिकारका लागि उत्तरदायित्व वहनकर्ता अभिभावक, परिवार, संस्था र निकायहरूको चेतना अभिवृद्धि गर्ने

- बालअधिकार तथा बालबालिकाका प्रति उनीहरूका जिम्मेवारीबारे,
- बालबालिकासँग गर्नुपर्ने व्यवहार तथा पुऱ्याउनुपर्ने सहयोग एवम् त्यसका लागि परिवर्तन गरिनुपर्ने ज्ञान, सीप तथा धारणाबारे,
- स्थानीय तहमा विद्यमान बालसंरक्षणका जोखिम, तिनका कारक र त्यसबाट बालबालिकालाई जोगाउन अपनाउनुपर्ने सावधानीबारे,
- बालबालिकामाथि हुने वा हुनसक्ने भेदभावबारे बालबालिका, अभिभावक, समुदायका व्यक्ति, संस्था तथा निकायहरूमा जनचेतना जगाउने,
- उमेर एवम् विकासको चरणअनुरूप बालबालिकाको शारिरिक, मानसिक, संवेगात्मक विकासबारे बाबुआमा तथा अभिभावकमा सचेतना जगाउने,
- आफ्नो अधिकारको उपभोग गर्दा निर्वाह गर्नु पर्ने दायित्व एवम् अरूको अधिकारको सम्मान गर्ने बारे बालबालिकामा सचेतना बढाउने,

### ६.१.२ स्थानीय तहमा बालबालिकासम्बन्धी तथ्याङ्क सङ्कलन, अद्यावधिक गर्ने तथा रणनीतिक कार्ययोजना तर्जुमा गर्ने, गराउने

- बालबालिकाको स्थितिबारे सूचकहरूका आधारमा विस्तृत एवम् वर्गीकृत तथ्याङ्क सङकलन, प्रतिवेदन तयार र अद्यावधिक गर्ने (वार्षिक रूपमा),
- बालबालिकासम्बन्धी आवधिक तथा दीर्घकालिन रणनीतिक कार्ययोजना बनाउने र त्यसको कार्यान्वयन गर्ने, गराउने,
- जिल्ला, प्रदेश तथा राष्ट्रिय तहमा बालबालिकाको अवस्थासम्बन्धी सूचनाजानकारी एवम् तथ्याङ्क पठाउने,

### ६.१.३ स्थानीय तहमा बालबालिकाको अधिकार परिपूर्ति गर्न समन्वय तथा सहकार्य गर्ने, गराउने

- वडास्तरका योजना र कार्यक्रमहरूमा बालबालिकासम्बन्धी विषय समावेश गर्न वडा समिति, संस्था तथा सेवा प्रदायकहरूबीच समन्वय गर्ने, गराउने,

### ६.१.४ स्थानीय तहमा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रम बनाउने र बजेट विनियोजन गर्ने

- घरपरिवार, विद्यालय, समुदायका संरचना तथा गाउँपालिका/नगरपालिकालाई बालमैत्री बनाउन चरणबद्ध योजना तर्जुमा गरी बजेट विनियोजनसहित कार्यान्वयन गर्ने,
- सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गराउन आवश्यक नीति तथा कार्यक्रम बनाउने र कार्यान्वयन गर्ने,

## ६.२ बालसहभागिता प्रवर्द्धनका लागि उपायहरू

### ६.२.१ गाउँपालिका/नगरपालिकातहका औपचारिक संरचना एवम् प्रक्रियाहरूमा सहभागिता सुनिश्चित गर्ने, गराउने

- स्थानीय तहमा गठन हुने बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने सबै समितिहरू (बालसंरक्षण समिति, शिक्षा समिति, मानव बेचबिखन तथा ओसारपसार विरूद्धको समिति आदि) मा बालबालिकाको प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्ने,
- स्थानीय तहमा बालबालिकासम्बन्धी नीति, रणनीति, आवधिक कार्ययोजना वा बार्षिक योजना बनाउँदा बालबालिकाका प्रतिनिधिलाई सहभागी गराउने र उनीहरूको विचार तथा अवधारणालाई उचित कदर गर्ने,
- स्थानीय तहमा बालबालिकाको सहभागितामा तिनका सवाललाई पहिचान गरी त्यसको सम्बोधन गर्न ठोस एवम् नतिजामुखी कार्यक्रम तय गरी बजेट विनियोजन गर्ने,

### ६.२.२ गाउँपालिका/नगरपालिकामा समुदाय तथा विद्यालयमा आधारित बालक्लब गठन तथा सञ्चालन गर्ने, गराउने

- बाल समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरण गर्ने, गराउने,
- विद्यालय तथा समुदायमा आधारित बालक्लबका प्रतिनिधिहरूसँगको सहकार्यमा बालक्लबका लागि उपयुक्त कार्यक्रमहरू तर्जुमा गर्न सघाउने,
- बालक्लबका लागि स्थानीय तहबाट कार्यक्रम विनियोजन गर्ने,
- गाउँपालिका/नगरपालिका तहमा सामाजिक परिचालक क्रियाशील भएको खण्डमा निजलाई बालक्लब वा बालबालिकाले नेतृत्व गरेका संस्थाको सहजीकरण गर्न विशेष जिम्मेवारी प्रदान गर्ने, गराउने,
- विद्यालयमा आधारित बालक्लबको नियमित सहजीकरणका लागि विद्यालयका शिक्षकमध्यबाट केन्द्रविन्दु शिक्षकको नियुक्ति गर्ने व्यवस्था मिलाउने तथा समुदायमा आधारित बालक्लबको सहजीकरणको लागि सहजकर्ताको व्यवस्था गर्ने, गराउने,

- बालक्लबको सहजीकरण गर्ने जिम्मेवारी लिएका शिक्षक तथा सहजकर्ताको बालक्लब सहजीकरण तथा व्यवस्थापन सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने, गराउने,

### ६.२.३ गाउँपालिका/नगरपालिकामा गठन तथा सञ्चालनमा आएका बालक्लबको अभिलेखीकरण तथा अद्यावधिक गर्ने

- समुदाय तथा विद्यालयस्तरमा गठन भएका बालक्लबको स्थानीय तहमा आबद्धता तथा सूचीकरणका लागि आवश्यक प्रक्रिया तथा फारमको तयारी गर्ने,
- विद्यालय तथा समुदायमा आधारित बालक्लबलाई स्थानीय तहमा आबद्ध तथा सूचीकरण गर्ने,
- गाउँपालिका/नगरपालिकामा आबद्ध/सूचीकृत गरिएका बालक्लबको अभिलेख राख्ने र तिनको आवधिक अद्यावधिकरण गर्ने,
- आवधिक रूपमा अद्यावधिक गरिएको बालक्लबसम्बन्धी तथ्या तथा सूचना जानकारी सम्बन्धित मन्त्रालय तथा केन्द्रीय बालकल्याण समितिमा पठाउने,

### ६.२.४ बालक्लबको क्रियाकलापमा सघाउने,

- गाउँपालिका/नगरपालिका तहमा बालक्लब वा बालबालिकाले नेतृत्व गरेका संस्थाको गठन गर्न सहजीकरण गर्ने, गराउने,
- बालक्लब वा बालबालिकाले नेतृत्व गरेका संस्थाहरूलाई बालअधिकार तथा बालसंरक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गर्न गाउँपालिका/नगरपालिका तहको वार्षिक बजेटमा कार्यक्रम तथा स्रोत विनियोजन गर्ने तथा (यदि उपलब्ध भएमा) बालक्लबको नियमित बैठक तथा कार्यक्रमहरू सञ्चालन गर्नका लागि स्थान उपलब्ध गराउने,
- बालबालिकाबीच तथा बालक्लबहरूबीच विद्यालय, वडा तथा

गाउँपालिका/नगरपालिका स्तरमा रचनात्मक प्रतिस्पर्धा एवम् प्रतियोगिता सञ्चालन गर्न सहयोग गर्ने,

- बालक्लब वा बालबालिकाले नेतृत्व गरेका संस्थालाई आवश्यक सहयोगको लागि बालबालिकाको क्षेत्रमा क्रियाशील निकाय तथा संस्थाहरूसँग समन्वय गर्ने, गराउने,
- गाउँपालिका/नगरपालिका क्षेत्रमा बालक्लब तथा तिनको सञ्जालको गठन, कार्यसञ्चालन तथा सूचीकरणलगायत बालसहभागित प्रवर्द्धन गर्न निर्देशिका तयार गरी लागू गर्ने,

### ६.२.५ गाउँपालिका/नगरपालिकाको वार्षिक योजना निर्माणमा बालसहभागिता

- गाउँपालिका/नगरपालिकाको सबै प्रकारका निर्णय प्रक्रिया र योजना प्रक्रियामा बालबालिकाको अभिमत तथा विचारलाई स्थान दिने,
- गाउँपालिका/नगरपालिकाको आवधिक योजना तयार गर्दा बालबालिका, बालक्लब तथा तिनका सञ्जाललाई आ-आफ्नो वडाको वस्तुगत विवरण र स्रोत नक्सा तयार गर्न सहभागी गराउने,
- गाउँपालिका/नगरपालिकाले आवधिक योजना तयारी गर्दा बालक्लब तथा तिनका सञ्जाललाई पनि सान्दर्भिक विषयमा आयोजना प्रस्ताव पेश गर्न अवसर दिने,

### ६.२.६ विद्यालय व्यवस्थापन तथा शिक्षण–सिकाइ प्रक्रियामा बालसहभागिता बढाउने

- विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित सदस्यका रूपमा विद्यार्थीहरूको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय तहमा नै नीतिगत निर्णय गर्ने,
- विद्यार्थीसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा हुने विद्यालय

व्यवस्थापन समितिको बैठकमा कक्षागत रूपमा विद्यार्थी प्रतिनिधि संलग्न गराई, उनीहरूको विचारलाई सम्मान गर्दै निर्णय गर्ने प्रक्रिया प्रवर्द्धन गराउन नीतिगन निर्णय गर्ने,

- सबै विद्यालयमा बालसंरक्षण नीतिको तर्जुमा गरी कार्यान्वयन गर्न नीतिगत व्यवस्था गर्ने र त्यस्तो नीति तर्जुमा गर्दा बालबालिकालाई समेत सहभागी गराउन लगाउने,
- विद्यालयको शिक्षण-सिकाइ प्रक्रिया भयरहित बनाउन विद्यार्थी प्रतिनिधि समेतलाई सहभागी गराई नीति तर्जुमा गर्ने तथा सोको कार्यान्वयन गर्ने, गराउने,
- बालबालिकाको नेतृत्व तथा शिक्षक एवम् विद्यालयको सहयोगमा सह-शैक्षिक (अतिरिक्त) क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गर्ने,

## ६.२.७ घरपरिवारको मामिलामा बालसहभागिता बढाउने

- अभिभावकहरूसँग बालसहभागिताबारे अन्तर्क्रिया गर्ने, गराउने,
- अभिभावकहरूले आफ्ना अभिभावकीय अनुभवहरू आदानप्रदान गर्न तथा सकारात्मक अभिभावकत्वको प्रवर्द्धन गर्न निरन्तर अन्तर्क्रिया गर्न साझा मञ्चको व्यवस्था गर्ने, गराउने,
- बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा घरपरिवारको निर्णय प्रक्रियामा उनीहरूको सहभागिता बढाउन अविभावकहरूलाई सचेतीकरण क्रियाकलाप सञ्चालन गर्ने, गराउने,

## ६.२.८ बालसहभागिताबारे सचेतना बढाउने

- परिवार, विद्यालय, समुदाय, वडा तथा पालिकास्तरमा बालसहभागिताको महत्वबारे अवधारणागत स्पष्टताका लागि आवश्यक अन्तरक्रिया तथा अभिमुखीकरण गर्ने

## *सन्दर्भ–सूची*

### कानूनी दस्तावेजहरू

- नेपालको संविधान (२०७२)
- स्थानीय तहको ऐन, कार्यविस्तृतीकरण
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- बालबालिकासम्बन्धी ऐन, २०४८ तथा (सोको) नियमावली, २०५१
- शिक्षा ऐन, २०२८ (आठौं संशोधन समेत) तथा सो को नियमावली, २०५३
- विपद् जोखिम नियन्त्रण तथा व्यवस्थापन ऐन, २०७४
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ तथा (सोको) नियमावली २०६५

### राष्ट्रिय नीति तथा नियमावलीहरू

- बालबालिकासम्बन्धी नीति, २०७३
- राष्ट्रिय स्वास्थ्य नीति, २०७१
- बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२
- बालमैत्री स्थानीय शासन, राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्यविधि, २०६८
- बालअधिकार संरक्षण तथा संवर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६९
- मानव बेचबिखनविरूद्धको स्थानीय समिति (गठन तथा परिचालन) निर्देशिका, २०७०
- विद्यालय शान्तिक्षेत्र अभियान राष्ट्रिय कार्यढाँचा
- बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप

- अर्थ मन्त्रालय, आर्थिक सवेक्षण, २०७३/७४
- बालसहभागिता निर्देशिका (मस्यौदा)
- बालसमूह गठन तथा सहजीकरण निर्देशिका, २०७४
- अनिवार्य प्राथमिक शिक्षा कार्यान्वयन निर्देशिका
- किशोरकिशोरीको स्वास्थ्य सम्बन्धी रणनीति,
- राष्ट्रिय मदिरा नियमन तथा नियन्त्रण नीति, २०७४


**स्थिति प्रतिवेदनहरू**


- नेपालमा बालबालिकाको स्थिति २०७३
- Nepal Education in Figures, 2016
- Central Child Welfare Board State of the Child Care Homes in Nepal 2015
- Joint Evaluation of Nepal's School Sector Reform Plan Programme 2009-16, 2016


**अन्य प्रकाशनहरू**


- कन्सोर्टियम नेपाल, बालबालिका तथा किशोरकिशोरीको सहभागिता प्रवर्द्धनका लागि आधारभूत निर्देशिका तथा विधिहरू, २०१६
- केन्द्रीय बालकल्याण समिति, स्थानीय निकाय एवम् समुदायस्तरमा बालसहभागिता प्रवर्द्धन तथा बालसंरक्षणका लागि सहयोगी पुस्तिका